राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ८० २०८२ असोज ३० गते विहिवार (16 Oct. 2025) पृष्ठ ४ मूल्य रू. ३।-

## संसद् विघटनविरुद्ध दल एकस्वर सर्वोच्चको निर्णय पर्खने सहमति



दैनिक समाचारदाता

काठमाडौं २९ असोज । सभामुख देवराज घिमिरे र राजनीतिक दलको बैठकले संसद् विघटन असंवैधानिक भएको निष्कर्ष निकालेको छ । बुधवार बिहान सिंहदरबारमा बसेको प्रतिनिधिसभा विघटनपछि पहिलोपटक सभामुख घिमिरेले संसदमा प्रतिनिधित्व गर्ने दलसँग छलफल गरेका थिए ।

छलफलका क्रममा एमालेले संसद पुनर्स्थापनामा जोड दिएको छ । अन्य दलहरुले सरकारले निर्वाचनको वातावरण बनाए आफूहरू निर्वाचनमा जान तयार रहेको धारणा राखेका थिए । छलफलपछि कांग्रेस नेता श्याम घिमिरेले प्रतिनिधिसभा विघटन असंवैधनिक रहेपनि अबको निकास संसद पुनर्स्थापना वा निर्वाचन नै भएको बताए। सरकारले निर्वाचनको उचित वातावरण बनाए कांग्रेस निर्वाचनबाट नभाग्ने उनले बताए ।

एमालेका नेता महेश बर्तौलाले बैठकमा सहभागी सबै दलले संसद पुनर्स्थापना गरेर जानुपर्छ भन्ने साझा धारणा राखेको जानकारी गराए । उनले सर्वोच्चमा रिट परेकाले हुने फैसलालाई स्वीकार गर्ने बताए। बैठकमा प्रतिनिधि सभा विघटनको विरोध सबै गरेको जानकारी दिए। उनले जेनजीको माग यहि संसदले पूरा गर्न सक्ने भएपनि ठूलो षड्यन्त्र गरेर विघटन गरेको निष्कर्ष निकालेको जानकारी दिए ।

उनले भने,'जेनजीले राम्रा विषय पनि उठाएका छन्। संसद् पुनर्स्थापना गरेर संवैधानिक तरिकाबाटै जेनजीले उठाएका माग सम्बोधन हुन्छ। सबै दलहरूको आआफ्नै निर्णय छन्।' उनले निर्वाचन घोषणा गरेपनि राजनीतिक दलसँग संवाद नगरेको भन्दै दलहरुले आपत्ति

बाँकी ४ पृष्ठमा

## मधेशको मुख्यमन्त्रीमा सोनल नियुक्त

दैनिक समाचारदाता

जनकपुरधाम, २९ असोज । मधेश प्रदेशको चौथो मुख्यमन्त्रीमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का नेता जीतेन्द्र प्रसाद सोनार (सोनल) नियुक्त भएका छन ।

प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले नेपालको संविधानको धारा १६८ को उपधारा २ बमोजिम सोनल बुधवार साँझ मुख्यमन्त्रीमा नियुक्त गरेकी छन ।

जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी, नेकपा माओवादी केन्द्र, लोसपा र नेकपा एसको समर्थनमा सोनलले आजै विहान सरकार गठनको लागि दावी प्रस्तुत गरेका थिए ।

जनमत पार्टीबाट मुख्यमन्त्री बनेका सतिश कुमार सिंहलाई आफनै दल सहित सत्तागठबन्धनका सबै दलले समर्थन फिर्ता लिएपछि विश्वासको मतको लागि बोलाइएको प्रदेशसभा बैठकलाई सम्बोधन गर्दै हिजो मंगलवार राजिनामा गरेका थिए ।

सिंहको राजिनामा लगतै प्रदेश प्रमुख भण्डारीले नयाँ सरकार गठनको आह्वान गरेका थिए ।



सोनलले सरकारको दावी प्रस्तुत गरे लगतै जनमत र एमालेको समर्थन आफुलाई रहेको भन्दै नेपाली कांग्रेस संसदीय दलका कृष्णा यादवले समेत सरकार गठनको दावी प्रस्तुत गरेका थिए ।

कृष्णाको दावी लगतै जनमत पार्टी संसदीय दलको नेता महेश यादवले आफुहरुको समर्थन सोनललाई रहेको औपचारिक पत्र नै प्रदेश प्रमुखलाई बुझाएका थिए ।

यसै बीच जनमत पाटी बाट बिभाजित भई हिजो मात्रै निर्वाचन आयोगबाट मान्यता प्राप्त गरेको जनस्वराज पार्टीमा जनमतका दुईजना प्रदेशसभा सदस्यले हस्ताक्षर गरेपछि मुख्यमन्त्री नियुक्त गर्न प्रदेश प्रमुख अलमलमा परेका थिए ।

जनस्वराज पार्टीमा औपचारिकता पछि काँग्रेसले सो कुरालाई समेत जोड दिदै सोनललाई मुख्यमन्त्री नियुक्त नगर्न प्रदेश प्रमुखलाई दवाव दिएका थिए ।

प्रदेश प्रमुख कार्यालयमा दिउसो ४ बजे दुबै पक्ष जुटेपछि केही बेर माहौल तातिएको थियो । प्रदेश प्रमुखको सुरक्षाका लागि सेनानै परिचालन गर्नु परेको थियो ।

मधेश प्रदेशमा रहेका जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी, नेकपा माओवादी केन्द्र, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल र नेकपा एकीकृत समाजवादी पार्टीको समर्थमा मुख्यमन्त्रीमा सोनारलाई मधेश प्रदेशको मुख्यमन्त्री बनाउन दाबी पेश गरेको थियो ।

मधेश प्रदेशमा जनता समाजवादी पार्टी नेपालका १९, जनमत पार्टीका १३, नेकपा माओवादी केन्द्रका ९, लोसपाका ८ र नेकपा एकीकृत समाजवादीका ७ गरेर ५६ जना प्रदेश सभा सदस्य रहेका छन् । मधेश प्रदेशमा कायम रहेको १०५ सदस्यमा बहुमतका लागि ५३ आवश्यक रहेकाले लोसपाका सोनार मधेश प्रदेशका चौथो मुख्यमन्त्री बनेका छन् ।

## सिंहदरबार गेटमा एसएलआर कक गर्दै पोजिसन लिने 'सम्राट' पक्राउ

दैनिक समाचारदाता

काठमाडौं, २९ असोज । देशको मुख्य प्रशासनिक निकाय सिंहदरबारको मूल गेटमा सेल्फ लोडिङ राइफल (एसएलआर) बोकेर पोजिसन लिने व्यक्ति पक्राउ परेका छन् । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको ललितपुरस्थित शाखाले 'सम्राट' भनेर चिनिने राजु परियारलाई मंगलबार ललितपुरको सुनाकोठीबाट नियन्त्रणमा लिएको हो ।


२४ भदौमा भएको जेनजी आन्दोलनका क्रममा सुरक्षाकर्मीको राइफल लुटी पोजिसन लिँदै उच्छृंखल गतिविधि गरेको भिडियो र तस्वीर भाइरल भएपछि परियार प्रहरीको निगरानीमा आएका थिए । टाउकामा क्याप, मुखमा कालो मास्क र छातीमा ट्याटु देखिने भिडिओकै आधारमा प्रहरीले उनको परिचय पत्ता लगाएको थियो ।

३६ वर्षीय परियार सिंहदरबारमा तोडफोड तथा आगजनीमा



बाँकी ४ पृष्ठमा

## अब अनलाइनबाट बुकिङ्को सुविधा





- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि

www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# पेट्रोलियम व्यापारमा पार-दर्शिता र सुरक्षा दुवै आवश्यक

नेपाल आयल निगमको महेन्द्रनगर धनुषा डिपो कार्यालयले आर्थिक वर्ष २०८१/०८२ मा १२ अर्ब ४५ करोड ८६ लाख रुपैयाँ बराबरको ४८ करोड लिटरभन्दा बढी पेट्रोलियम पदार्थ बिक्री गरेको तथ्यांक सार्वजनिक गरेको छ। केवल साउन र भदौ महिनामा मात्रै ६७ लाख लिटरभन्दा बढी तेल बिक्री भएको विवरणले मधेश प्रदेशमा पेट्रोलियम पदार्थको उपभोग र व्यापारको परिमाण कति ठूलो छ भन्ने स्पष्ट देखिन्छ। धनुषा र महोत्तरी जिल्लाभरिका ८७ वटा पेट्रोल पम्पमार्फत वितरण हुने यो तेल मधेश प्रदेशकै ऊर्जा आपूर्ति प्रणालीको मेरुदण्डजस्तै हो। नेपालको ऊर्जा उपभोगमा पेट्रोलियम पदार्थको हिस्सा निरन्तर बढ्दो क्रममा छ। ग्रामीण भेगमा पनि सवारीसाधनको पहुँच विस्तार, उद्योग तथा निर्माण कार्यमा डिजेलको प्रयोग, र वैकल्पिक ऊर्जाको कमजोर पूर्वाधारका कारण आयल निगमको बिक्री वृद्धिदर वर्षेनि उच्च रहँदै आएको छ। मधेश प्रदेशका जनसङ्ख्या र आर्थिक गतिविधिको घनत्व हेर्दा यहाँ पेट्रोलियम पदार्थको खपत अझै तीव्र हुने देखिन्छ। तर खपत वृद्धिसँगै यस क्षेत्रमा पारदर्शिता, भण्डारण, ढुवानी, मूल्य नियन्त्रण र सुरक्षा व्यवस्थापनजस्ता संवेदनशील पक्षमा गम्भीर प्रश्नहरू पनि उठेका छन्।

सबैभन्दा पहिले, पेट्रोलियम पदार्थको बिक्री तथा वितरण प्रणालीमा पारदर्शिता र जवाफदेहिता अभाव रहँदै आएको दीर्घकालीन समस्या हो। आयल निगमले वार्षिक बिक्री विवरण सार्वजनिक गरे पनि मूल्य निर्धारणको आधार, ढुवानी प्रक्रियामा हुने सम्भावित चुहावट, र वितरण प्रणालीमा हुने अनियमितताबारे सार्वजनिक रिपोर्टिङ प्रष्ट छैन। तेल पम्प सञ्चालक र उपभोक्ताबीच हुने मूल्य फरक, नापतौलमा हुने बेइमानी, र कालोबजारीजस्ता समस्या मधेश प्रदेशमा पनि समय-समयमा उजागर भइरहेका छन्। दोस्रो, तेल ढुवानी र भण्डारणसम्बन्धी सुरक्षा चुनौती अझै गम्भीर छ। पेट्रोलियम पदार्थ अति प्रज्वलनशील हुन्छ। महेन्द्रनगर डिपोमा आगो लाग्ने सम्भावनालाई मध्यनजर गर्दै सर्वसाधारणलाई मोबाइल लिएर प्रवेश गर्न रोक लगाइएको प्रावधान यसै कारण हो। तर मोबाइल मात्र प्रतिबन्धले सुरक्षा सुनिश्चित हुँदैन। सुरक्षा पूर्वाधार, आपतकालीन तयारी, तालिमप्राप्त जनशक्ति र स्थानीय निकायसँगको सहकार्य प्रणाली बलियो नहुँदासम्म सानो गल्ती पनि ठूलो दुर्घटनामा रूपान्तरण हुन सक्छ। अघिल्ला वर्षहरूमा देशका विभिन्न भागमा देखिएका तेल ट्यांकर दुर्घटनाले यसको जोखिमलाई प्रष्ट पारेका छन्।तेस्रो, पेट्रोलियम पदार्थमा देशको आयात निर्भरता उच्च छ। आयल निगम आफैं भारतबाट तेल आयात गरी वितरण गर्छ। यस्तो अवस्थामा मूल्य वृद्धि वा आपूर्ति अवरोधले प्रदेशकै अर्थतन्त्रमा ठुलो असर पार्न सक्छ। सस्तो विकल्प नहुँदा उपभोक्ता सीधै मूल्य वृद्धिको मारमा पर्छन्। मधेशजस्तो कृषि, यातायात र साना उद्योगहरूमा आधारित अर्थतन्त्रमा यसको प्रभाव अझ बढी पर्छ। चौथो, वैकल्पिक ऊर्जाको विकल्प कमजोर हुँदा पेट्रोलियम पदार्थमाथिको निर्भरता घटाउन कठिनाइ भइरहेको छ। सौर्य, विद्युत्, वा अन्य नवीकरणीय ऊर्जा स्रोत विस्तार गर्न न सकेसम्म तेलमाथिको अत्यधिक निर्भरता मुलुकलाई दीर्घकालीन आर्थिक र पर्यावरणीय संकटतर्फ डोर्याउन सक्छ। त्यसैले, आयल निगमको महेन्द्रनगर डिपोको बिक्री विवरण केवल संख्यात्मक तथ्य मात्र होइन–यो मधेश प्रदेशको ऊर्जा उपभोग, अर्थतन्त्र, र नीतिगत प्राथमिकताको प्रतिबिम्ब हो।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

# प्रदेश साँच्चै नचाहिएकै हो ?



डा. दिपेश घिमिरे

गत भदौ २३ गते जेनजी युवाले गरेको आन्दोलनपछि २४ गते विध्वंसात्मक लुटपाट तथा आगजनी भयो। यसपछि कतिपयले संघीयता त्यसमा पनि प्रादेशिक संरचनाको सान्दर्भिकता माथि प्रश्न उठाएका छन्। पहिलेदेखि नै संघीयता विरुद्ध रहेको राष्ट्रिय जनमोर्चा मात्र नभई 'अहिलेको व्यवस्था ठिक छ, अब अवस्था बदल्ने हो' भन्दै स्थापना भएको राष्ट्रिय स्वतन्त्र पार्टी समेत घुमाउरो किसिमले प्रदेश तहको खारेजीको एजेण्डा उठाइरहेको छ।

पछिल्लो समय जेनजीले समेत प्रदेश खारेजीको आवाज उठाइरहेका छन्। के स्थापना भएको एक दशक पनि नपुग्दै प्रदेशको सान्दर्भिकता सकिइसकेको हो ?, के हामीलाई प्रदेश नचाहिएकै हो ?

२०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधानले संघ, प्रदेश र स्थानीय गरी तीन तहको शासकीय संरचनाको व्यवस्था गरेर तहबीच शक्तिको बाँडफाँड, जिम्मेवारी र अधिकार वितरणलाई स्पष्ट पारेको छ। संविधानले देशलाई एकात्मक र केन्द्रीकृत शासन प्रणालीबाट संघीय संरचना र अकेन्द्रीकृत शासन व्यवस्थामा रूपान्तरण गर्‍यो।

संघीय शासन व्यवस्था स्थापना गर्नुको प्रमुख उद्देश्य शासन सञ्चालन प्रक्रियालाई अकेन्द्रीकरण गर्नु, क्षेत्रीय, भौगोलिक, जातीय आदि विविधतालाई सम्बोधन गर्नु र विगतको अत्यधिक केन्द्रीकृत शासन पद्धतिबाट नागरिकलाई मुक्त गर्नु थियो।

संघीयता कार्यान्वयन भएको दशक पनि नपुग्दै यसको संरचनागत औचित्यबारे बहस चलिरहेको छ। विशेषगरी, प्रदेश सरकारलाई लिएर संघीयताको बारेमा सार्वजनिक वृत्तमा अत्यन्तै नकारात्मक दृष्टिकोण बढेको देखिन्छ।

कतिपयले प्रदेशलाई अनावश्यक र खर्चिलो संरचनाको रूपमा व्याख्या गरिरहेका छन्। उनीहरूका अनुसार प्रदेशमा प्रादेशिक संसद्, मन्त्रालय तथा पदाधिकारीहरूको ठूलो समूह रहेको छ, जसले देशमा अनावश्यक आर्थिक बोझ थपिरहेको छ।

भद्दा कर्मचारी संरचना, उनीहरूलाई तलब भत्ता, गाडी, इन्धन, भवन, ठूलो सचिवालय र सल्लाहकार लगायत प्रशासनिक कार्यमा राज्यको ठूलो रकम खर्च भइरहेको छ भन्ने यो दृष्टिकोण राख्नेको मत छ।

संघीयताका पक्षधर रहेकाहरू भने प्रदेशलाई संघीयताको मेरुदण्डको रूपमा व्याख्या गर्ने गर्दछन्। उनीहरू प्रदेश सरकार विना संघीयता नै नहुने वा अधुरो हुने दृष्टिकोण राख्दछन्। प्रदेशले मात्र संघ र स्थानीय सरकार बीचको पुलको काम गर्न सक्छ, विविधताको व्यवस्थापन गर्न सक्छ, र अधिकारलाई प्रभावकारी ढंगले नागरिकसम्म पुर्‍याउन सक्छ भन्ने उनीहरूको धारणा छ।

यस अवस्थामा अहिले बहसमा आइरहेको के प्रदेश चाहिँदैन ? भन्ने प्रश्नलाई आर्थिक सवाललाई मात्र अगाडि राखेर निष्कर्ष निकाल्नु उपयुक्त हुँदैन। प्रदेश चाहिन्छ कि चाहिँदैन भन्ने बहस गरिरहँदा प्रदेशका कार्य, विगतमा द्वन्द्व व्यवस्थापनमा संघीयताले पुर्‍याएको योगदान लगायतलाई पनि अगाडि राखेर निष्कर्ष निकाल्नु उपयुक्त हुन्छ।

***प्रदेशका खास काम के हुन् ?***

संविधानको अनुसूची ६ मा प्रदेशका २१ वटा एकल अधिकार सूची छन्। यसैगरी, अनुसूची ७ मा संघ र प्रदेशको २५ वटा साझा अधिकारको सूची र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको १५ वटा साझा अधिकारको सूची छन्।

संविधानमा उल्लिखित एकल र साझा अधिकारको सूचीलाई मिहिन रूपमा विश्लेषण गर्ने हो र हालको शासन प्रणालीबाट प्रदेश हटाइदिने हो भने तीन वटा कुरामा मात्रै खाली हुने देखिन्छ। पहिलो यातायातका साधन कहाँ दर्ता गर्ने ? दोस्रो यातायातका साधनको कर कहाँ तिर्ने ? र तेस्रो कृषि आयमा कर कसले उठाउने ?

यसमध्ये तेस्रो अर्थात् कृषि आय कर प्रदेशले अहिले पनि उठाउन शुरु गरेको छैन। यातायात मन्त्रालयलाई संघको मातहतमा लैजाने हो भने बाँकी कुरा समस्या पर्दैन भनेर प्रदेश खारेज गर्नु उपयुक्त विकल्प हो त ? यत्ति कामको लागि मात्रै प्रादेशिक संरचनाको परिकल्पना गरिएको थियो त ?

साधारण आँखाले हेर्दा पनि प्रदेश सरकारको अस्तित्व कुनै 'फजुल खर्च' बढाउने कार्य मात्र कदापि पनि होइन। बरु संघीय प्रणालीलाई सन्तुलित बनाइराख्ने र नागरिकलाई नजिकबाट शासनको अनुभव गराउने महत्वपूर्ण संयन्त्र हो। संविधानमा लेखिएका र मर्ममा बोकिएका प्रदेशका कम्तीमा पनि ६ वटा महत्वपूर्ण काम छन्।

***१. प्रदेश अन्तर्गत रहेका स्थानीय तहहरू बीच समन्वय:***

नेपालमा हाल ७५३ वटा स्थानीय तह रहेका छन्। गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाको रूपमा स्थापित स्थानीय तहले आफ्नो जनसंख्या, भौगोलिक अवस्था, स्रोतसाधन र प्राथमिकता अनुसार नीतिनिर्माण, योजना निर्माण र कार्यान्वयन गर्ने काम गर्दछन्।

यसले नागरिकलाई नजिकबाट शासनमा सहभागी गराउने अवसर प्रदान गरेको छ। यस्तो अवस्थामा स्थानीय तहबीच कतिपय समस्या वा आवश्यकता यस्ता हुन्छन्, जसलाई एउटै तहले मात्र समाधान गर्न असम्भव हुन्छ।

उदाहरणका लागि, नदी व्यवस्थापनलाई लिन सकिन्छ। नदी प्रायः दुई वा बढी स्थानीय तहको सीमा भएर बग्छ। एउटा स्थानीय तहले मात्र बाँध बनाएर वा तटबन्ध खडा गरेर समस्याको दीर्घकालीन समाधान गर्न सक्दैन। अर्को, क्षेत्रीय सडक सञ्जालको विस्तार हो। सडक विस्तार प्रायः दुई वा बढी स्थानीय तह हुँदै जान्छ। यदि एउटा स्थानीय तहले मात्र आफ्नो क्षेत्रमा सडक बनायो भने, अर्को स्थानीय तहसँग जोडिन नसक्दा त्यो सडकको उपयोगिता नै रहँदैन।

यसैगरी; वन संरक्षण, जलाधार क्षेत्रको व्यवस्थापन लगायत विषयहरू बहु-स्थानीय तहलाई जोड्ने खालका हुन्छन्। यस्ता कार्यलाई एउटा मात्रै स्थानीय तहले नियम बनाएर सम्भव हुँदैन। साथै, एक स्थानीय तहले गरेको असल अभ्यासलाई अर्को स्थानीय तहसम्म पुर्‍याउने एकबाट अर्कोलाई सिकाउनको लागि आवश्यक समन्वय गर्ने इकाइ आवश्यक पर्दछ।

यी र यस्ता विषयलाई विभिन्न स्थानीय तहहरू बीच समन्वय, सहकार्य र साझा दृष्टिकोण बनाउने काममा प्रदेश आवश्यक छ। प्रदेशले विभिन्न स्थानीय तह बीच नीतिगत, प्राविधिक र प्रशासनिक तालमेल मिलाउने, एकअर्काको सिकाइ साझा गर्ने, विभिन्न स्थानीय तहहरूलाई एकआपसमा जोड्ने साझा प्लेटफर्म उपलब्ध गराउँदछ। यदि प्रदेश नहुने हो भने, सानाभन्दा साना विषयमा पनि संघीय तहले प्रत्यक्ष हस्तक्षेप गर्न सक्छ। स्थानीय तह बीचका हरेक विवाद वा समन्वयको काम संघीय तहले नै गर्नुपरेमा अत्यधिक बोझ बढ्छ। जसले गर्दा शासन प्रणालीलाई ढिलो, जटिल र प्रभावहीन बनाउँछ।

***२. दोस्रो संघ र स्थानीय तह बीचको पुलको भूमिका:***

संघीय संरचनाको मूल आधार भनेको अधिकार र स्रोतको बाँडफाँड हो। संघीय सरकारले राष्ट्रको दीर्घकालीन हितका लागि राष्ट्रिय नीति, कानून र रणनीति निर्माण गर्छ भने स्थानीय सरकार प्रत्यक्ष रूपमा नागरिकसँग नजिक भएर ती नीतिलाई कार्यान्वयन गर्दछन्। यद्यपि यी दुई तह बीच सधैं प्रत्यक्ष, सहज र परिणाममुखी संवाद सम्भव हुँदैन। नेपालमा मात्र नभई संसारभर संघीय शासन प्रणाली अपनाएका प्रायः सबै देशहरूमा यस्तो समस्या देखा परेको पाइन्छ। संघीय सरकारले देशभरका ७५३ वटै स्थानीय तहमा प्रत्येकसँग प्रत्यक्ष सम्पर्क राखेर समन्वय गर्न गाह्रो हुन्छ।

अझ कतिपय अवस्थामा जनसंख्या, भौगोलिक अवस्था, आर्थिक स्रोत र सांस्कृतिक विविधताको कारण संघीय सरकारबाट सीधै स्थानीय तहमा पुग्दा नीतिहरू असमान रूपमा लागू हुने वा कार्यान्वयनमै समस्या देखिने समस्या रहन सक्छ।

यस परिस्थितिमा प्रदेश सरकारले संघीय र स्थानीय तह बीचमा पुलको रूपमा भूमिका निर्वाह गर्दछ। उदाहरणको लागि संघीय तहले आधारभूत शिक्षा सबैको पहुँचमा पुर्‍याउने नीति ल्यायो भने त्यसलाई सीधै स्थानीय तहमा लगेर कार्यान्वयन गर्न गाह्रो हुन सक्छ।

यस्तो नीति कार्यान्वयनको लागि प्रदेश तहले कुन पालिकामा विद्यालय खोल्ने, त्यो भूगोलमा कस्तो पाठ्यक्रम उपयुक्त हुन्छ त्यो निर्माण गर्ने लगायतको काम गर्न सक्दछ। यसैगरी; स्वास्थ्य, कृषि लगायत सवालमा पनि यसले पुलको काम गर्न सक्दछ।

स्थानीय तहका समस्या, गुनासा, चासो र सरोकार संघीय तहले महत्व नदिने गर्न सक्दछ। तर प्रदेशले त्यही सवाल संघीय तहमा पुर्‍याउँदा सुनुवाइ हुन्छ। संघीय सरकारले बनाएको कुनै नीति वा कार्यक्रम स्थानीय तहलाई व्यावहारिक नलाग्दा, प्रदेश सरकारले स्थानीय तहको दृष्टिकोण संघीय तहसम्म पुर्‍याउँछ र बीचको व्यावहारिक समाधान खोज्नको लागि काम गर्न सक्छ।

यसरी हेर्दा संघीय र स्थानीय सरकार बीच प्रत्यक्ष मात्र सम्बन्ध हुने हो भने, सारा जिम्मेवारी र स्रोत वितरणमा असन्तुलन आउन सक्छ। प्रदेश सरकारलाई पुलको रूपमा राख्दा संघीय संरचना व्यवस्थित हुन्छ, अधिकार वितरण सन्तुलित हुन्छ। त्यसैले नेपालमा स्थानीय र संघीय तहको समन्वय, सहकार्यको पुलको रूपमा प्रदेश सरकारको भूमिकालाई हेर्नुपर्ने हुन्छ।

***३. मध्यवर्ती तह (बफरजोन):*** प्रदेश सरकारलाई संघ र स्थानीय सरकार बीचको मध्यवर्ती तह (बफर जोन) का रूपमा लिनुपर्दछ। संघीय शासन प्रणालीमा, तीन तह बीच अधिकार, स्रोत र जिम्मेवारीको बाँडफाँडमा कहिलेकाहीं अस्पष्टता हुन्छ। यसले गर्दा संघ र स्थानीय तह बीच प्रत्यक्ष टकराव वा विवाद उत्पन्न हुन सक्छ। यस्तो अवस्थामा प्रदेश सरकारले बीचको मध्यस्थकर्ता वा सन्तुलनकर्ताको भूमिका खेल्छ।

उदाहरणको लागि कतिपय अवस्थामा दुई वा दुईभन्दा बढी स्थानीय तहहरू बीचमा हुनसक्ने सम्भावित सिमाना विवादमा होस् वा स्रोत बाँडफाँडका क्षेत्रमा हुनसक्ने संघ र स्थानीय बीचको टकरावमा प्रदेशले मध्यवर्ती तहको भूमिका निर्वाह गर्दछ।

अर्को उदाहरण हेरौं, महिनौंसम्म चलेको ताप्लेजुङको पाथीभरा केवलकार योजनाले उत्पन्न गरेको द्वन्द्व तथा विवाद प्रदेश सरकारले सामना गर्‍यो जसका कारण संघीय सरकारले सहज रूपमा काम गर्न पायो। विगतमा गाउँघरमा हुने सामान्य विवादमा पनि प्रधानमन्त्रीको वा मन्त्रीको राजीनामा मागिन्थ्यो अहिले त्यस्तो माग प्रदेश मन्त्री वा मुख्यमन्त्रीमा झर्‍यो।

प्रदेश सरकार मध्यवर्ती तह (बफरजोन) को रूपमा रहँदा, संघीय शासन व्यवस्थामा उत्पन्न हुनसक्ने असन्तुलन, अव्यवस्था र अस्थिरतालाई व्यवस्थापन गर्न सहज हुन्छ।

प्रदेश नभएको अवस्थामा संघ र स्थानीय सरकार बीच प्रत्यक्ष टकराव हुने सम्भावना बढी हुन्छ, स्थानीय नागरिकले साना भन्दा साना सवालमा पनि संघ विरुद्धमा आन्दोलन गर्ने अवस्था आउन सक्छ, जसले सम्पूर्ण शासन प्रणालीलाई नै कमजोर बनाउन सक्छ।

***४. कार्य भनेको देशमा विद्यमान विविधताको व्यवस्थापन:***

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र भौगोलिक रूपमा अत्यन्तै विविधतापूर्ण राष्ट्र हो। यहाँ १२४ भन्दा बढी जातजाति र १४२ भन्दा बढी भाषाभाषीको बसोबास रहेको छ।

यही विविधता नै नेपालको सम्पत्ति र पहिचान हो। तर यही विविधता कहिलेकाहीं चुनौती पनि बन्न सक्छ। एउटै नीति र कार्यक्रमलाई सबै क्षेत्रमा समान रूपमा कार्यान्वयन गर्न खोज्दा त्यो व्यावहारिक वा प्रभावकारी नहुन सक्छ।

*बाँकी पृष्ठ ३मा*

## प्रदेश साँच्चै............

यस किसिमको विविधतालाई व्यवस्थापन गर्नको लागि प्रदेश सरकारको आवश्यकता छ। संघीय सरकारले देशव्यापी नीतिहरू बनाउँदछ भने प्रदेश सरकारले आफ्नो क्षेत्रभित्रको भौगोलिक, सामाजिक, सांस्कृतिक, भाषिक विशेषताका आधारमा नीति, कार्यक्रम तथा योजनाहरू बनाउँदछ।

मधेश प्रदेशमा भाषिक र सांस्कृतिक विविधता विशेष किसिमको छ। संघीय तहबाट देशभरिको लागि एकै किसिमको नीति कार्यक्रम बनाइदिंदा मधेशको विशिष्टताको सम्मान र सम्बोधन नहुन सक्छ। तर प्रदेश सरकारले स्थानीय भाषाको संरक्षण, स्थानीय संस्कृतिको प्रवर्धन र सामुदायिक चाडपर्व लगायतलाई सम्बोधन गर्दै नीति बनाउन सक्छ। यसैगरी; कर्णाली, बागमती वा सुदूरपश्चिमका सवालहरूलाई सम्बोधन गर्न पनि प्रदेश प्रभावकारी हुन्छ।

अर्को महत्वपूर्ण सवाल भनेको नेपालमा मूलतः एउटै जात, धर्म, क्षेत्रका व्यक्ति कार्यकारी पदमा पुग्ने गरेका छन्। त्यसले विभिन्न जातजाति, क्षेत्रका नागरिकको अपनत्व नभएको हुन सक्छ। सत्तामा आफ्नो जस्तै अनुहार देखिएन भने बहुसांस्कृतिक देशमा द्वन्द्व निम्त्याउन सक्छ।

तर, प्रदेशमा आफ्नै जातजाति, धर्म, क्षेत्रको व्यक्ति कार्यकारी पदमा पुग्ने हुँदा अपनत्व बोध हुन्छ। यो देश मेरो पनि हो भन्ने भावनामा वृद्धि हुन्छ। त्यसैले प्रदेशले विविधताको व्यवस्थापन र सम्मान गरेर मात्र विकासलाई समावेशी, न्यायपूर्ण र सन्तुलित बनाउन सक्दछ। नेपाल जस्तो विविधतायुक्त देशमा प्रदेश केवल राजनीतिक संरचना मात्र होइन बरु सामाजिक सद्भाव र सांस्कृतिक पहिचानको संरक्षणकर्ताको रूपमा पनि रहेको देखिन्छ।

*५. अधिकार तथा स्रोत-साधनको अकेन्द्रीकरण:* संघीय शासन व्यवस्थाको आधारभूत सवाल भनेकै अधिकार तथा स्रोत-साधनलाई केन्द्रमा मात्र सीमित नराख्नु हो।

संघीयतामा संविधानले नै तीनै तहलाई अधिकारको बाँडफाँड गरिदिने हुनाले यस प्रणालीलाई विकेन्द्रीकरण पनि नभनी अकेन्द्रीकरण भन्ने गरिन्छ। यस प्रणालीले नागरिकलाई आफूसँग प्रत्यक्ष रूपमा चासो र सरोकार राख्ने सवालहरूसँग सम्बन्धित निर्णयहरू नजिकबाट गर्न सक्ने अधिकार प्रदान गर्दछ। नेपालको संविधानले शिक्षा, स्वास्थ्य, कृषि, यातायात, स्थानीय विकास, भाषा, संस्कृतिको संरक्षण लगायत क्षेत्रमा प्रदेश सरकारलाई विशेष अधिकार प्रदान गरेको छ। यद्यपि, अहिले कतिपयले 'प्रदेश सरकार खर्चिलो छ त्यसैले चाहिंदैन' भन्ने तर्क गरिरहेका देखिन्छन्। तर नेपालमा संघीयता द्वन्द्व व्यवस्थापनको सन्दर्भमा स्थापना गरिएको शासन व्यवस्था हो। त्यसैले संघीयताबाट फर्किने र प्रदेश खारेज गर्ने भनेको झन् ठूला द्वन्द्वलाई निमन्त्रणा गर्नु जस्तै हो। दुई दिनको जेनजी आन्दोलनले ७४ जना नेपाली र खर्बौंको क्षति भोग्नु पर्‍यो।

अहिले संघीयताबाट पछाडि फर्किने भन्यो भने मधेश, कोशी लगायत स्थानमा ठूला द्वन्द्व मच्चिन सक्छन्। धान्न र सम्हाल्नै नसक्ने द्वन्द्वको दलदलमा देश फस्न सक्छ। अनि खर्बौंको क्षति भोग्नुपर्ने हुन्छ।

*६. प्रभावकारी सेवा प्रवाह र विकास निर्माण:* संघीय प्रणालीको सफलता वा असफलता मापन गर्ने मुख्य सूचक भनेको सार्वजनिक सेवाको प्रभावकारिता र गुणस्तरीय विकास निर्माण हो। नागरिकले जीवनसँग प्रत्यक्ष सम्बन्धित स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षा जस्ता सेवा समयमै, उचित र प्रभावकारी रूपमा प्रदान गर्दै गुणस्तरीय विकास निर्माणका कार्य गर्ने दायित्व र जिम्मेवारी प्रदेश सरकारको हो।

यदि यस्ता सेवा र कार्य प्रभावकारी रूपमा उपलब्ध र सञ्चालन हुँदैनन् भने संघीयता कागजमा मात्रै सीमित भई नागरिकको आक्रोश बढ्न पुग्दछ। अझ नेपालमा प्रदेश सरकारले राजनीतिक स्वार्थबाट प्रेरित हुँदै अनावश्यक मन्त्रालय तथा अन्य संरचना निर्माण गर्ने, कार्यकर्तालाई भर्ती गर्ने, ठूलो सचिवालय बनाउने, सल्लाहकारका नाममा ठूलो बजेट खर्च गर्ने गरिरहेका छन्। कमिशन लिंदै योजना बाँड्ने गरेको तथ्य बेलाबखत सार्वजनिक भइरहेका छन्।

अहिले प्रदेश सरकार चाहिंदैन भन्ने धारणा राख्नेहरूले छैटौं बुँदामा आधारित भएर आफ्नो दृष्टिकोण बनाइरहेका छन्। तर प्रदेशको आवश्यकता र महत्व त्योभन्दा अगाडिका पाँच वटा बुँदालाई पनि ध्यान दिएर हेर्ने हो भने सहजै बुझ्न सकिन्छ।

प्रदेश तह हटाउनुपर्दछ भन्ने माग गर्नेहरूले प्रदेशको नाममा भइरहेको खर्च र अनियमिततालाई उठाउने गरेका छन्। तर, खर्च मात्र हेरेर प्रदेशलाई अनावश्यक संरचना भन्न मिल्दैन। बरु अहिले भइरहेको फजुल खर्च घटाउने र अनियमिततालाई अन्त्य गर्ने रणनीति तय गर्नु उत्तम हुन्छ।

प्रदेशमा एक जना मुख्यमन्त्री बढीमा तीन जना मन्त्री राख्ने, सल्लाहकार र सचिवालय नराख्ने, प्रादेशिक नीति तथा योजना आयोग खारेज गर्ने जस्ता काम गरेर प्रदेश संरचनालाई चुस्त बनाउन सकिन्छ। तर यसैको आधारमा प्रदेश हटाउने भन्ने कुरा व्यावहारिक हुँदैन। संघीयताको सफलता वर्षौं वर्षको अभ्यासबाट मात्र सम्भव हुन्छ।

त्यसैले अहिले प्रदेश चाहिन्छ कि चाहिंदैन भन्ने प्रश्न आफैंमा उपयुक्त नै छैन। बरु प्रदेशलाई कसरी सक्षम, जवाफदेही, पारदर्शी र नागरिकमुखी बनाउने भन्नेमा बहस केन्द्रित गर्नु उपयुक्त हुन्छ। प्रदेशमा स्थापना गरिएका अनावश्यक संरचना र पदहरूको खारेजी गरी कसरी प्रभावकारी बनाउने भन्नेमा केन्द्रित हुनुपर्दछ। प्रदेशमा झाँगिंदै गएको भ्रष्टाचार तथा अनियमितताको संस्कृतिलाई कसरी अन्त्य गर्ने भन्नेमा बहस केन्द्रित हुनुपर्दछ।


नेपालको संविधानले दिएको संघीय संरचनाको कार्यान्वयन अझै प्रारम्भिक चरणमै छ। यदि यसलाई व्यवस्थित गर्न सकियो भने प्रदेश तह सफल संघीयताको सबल मेरुदण्ड बन्नेछ। अतः प्रदेश चाहिन्छ, तर सक्षम, चुस्त, प्रभावकारी र सुशासनयुक्त।

*(त्रिभुवन विश्वविद्यालयमा समाजशास्त्रका उप-प्राध्यापक डा. घिमिरे भ्रष्टाचार र सुशासनका मामिलामा कलम चलाउँछन्।)*

# जसले देशको आधुनिक कलामा क्रान्ति ल्याए....



चित्रमा सुन्तला, पहेँलो, नीलो जस्ता बलिया रङका घुमाउरा रेखाहरू मार्फत कलाकारले मानव आकृति सिर्जना गरेको छ। जुन अमूर्त आकारहरूका घेराको फ्रेमभित्र रहेजस्तो देखिन्छ। अलि नजिकबाट हेर्दा ती सबै आकृतिको टाउकोमा वृत्तहरू भएको टोपी देख्न सकिन्छ।



यो विवरण भएको चित्र नाइजेरियाली चित्रकार उजो इगोनुको हो। जुन सन् १९८१ मा उनको 'राज्यविहीन मानिसहरू' (स्टेटलेस पिपुल) नामक श्रृङ्खलाको एक चित्र हो।

इगोनु नाइजेरियनमा जन्मे, हुर्किएका हुन्। उनी सन् १९४० को दशकपछि बेलायतको लण्डनमा बसे। र, सन् १९९६ मा आफ्नो मृत्यु नहुँदासम्म आफ्नो अधिकांश समय त्यहीँ बिताए।

उनी विदेशी भूमिमा बसे पनि आफ्नो मातृभूमिका लागि तड्पिरहेका थिए। राज्यविहीनता र बसाइँसराइको जटिलता भोगिरहेका थिए। त्यही भावनालाई दर्शाउन उनले 'स्टेटलेस पिपुल' श्रृङ्खाला सुरु गरेका थिए।



अहिले आधुनिक कलाबारे झट्ट सोच्दा पाब्लो पिकासो, जर्जिया ओकिफ वा साल्भाडोर डाली जस्ता कलााकर नै दिमागमा आउँछन्। तर, लण्डनको टेट मोडर्न ग्यालरीमा गरिएको एक कला प्रदर्शनीले नाइजेरियाली कलाकारहरूले २०औं शताब्दीभरि यस आन्दोलनमा कसरी योगदान पुर्‍याएका छन् भन्ने देखाएको छ।

त्यस प्रदर्शनीमा 'नाइजेरियाली मोडर्निज्म' अर्थात् आधुनिक कलामा योगदान गर्ने ५० भन्दा बढी कलाकारहरूलाई समेटिएको छ। नाइजेरियाका लागि आधुनिक कलाको खोजी गर्ने सङ्ग्रहालयमा यो पहिलो प्रदर्शनी पनि हो।

यसमा सन् १९४० देखि १९८० को दशकसम्म सिर्जना गरिएका २५० भन्दा बढी कलाकृतिहरू समावेश छन्।

***************

नाइजेरिया आधुनिक अफ्रिकी कलाको विकासका लागि एउटा मुख्य केन्द्र थियो। त्यसको आंशिक कारण बेलायतसँगको यसको औपनिवेशिक सम्बन्ध हो।

प्रदर्शनीमा समावेश गरिएका धेरै कलाकारहरूले नाइजेरिया फर्कनुअघि लण्डन वा अन्य युरोपेली शहरहरूमा कुनै न कुनै समयमा कलाको प्रशिक्षण लिएका थिए। जसले गर्दा पनि उनीहरूले आफ्नो काममा युरोपेली, आदिवासी प्रविधि र दुवैलाई मिसाएका हुन्।

नाइजेरियाली आधुनिकतावादी मध्ये एक कलाकार हुन्, बेन एनवोन्वू। उनको जीवनी 'बेन एनवोन्वू: द मेकिङ्ग अफ एन अफ्रिकन मोडर्निस्ट' का लेखक सिल्भेस्टर ओक्वुनोडु ओग्बेचीका अनुसार बेन विश्वव्यापी पहिचान र प्रतिष्ठा प्राप्त गर्ने पहिलो अफ्रिकी कलाकार हुन्।

सो भेगमा उनले कलालाई एक सम्मानजनक पेशाको रूपमा सोच्न सम्भव बनाएको लेखक सिल्भेस्टरको भनाइ छ। सन् १९१७ मा नाइजेरियाको दक्षिणपूर्वी क्षेत्रको ओनित्शामा जन्मेका बेनलाई समकालीन समीक्षकहरूले युरोपेली आधुनिक कलाकारहरूकै स्तरमा राखेका थिए।

त्यसको महत्त्वपूर्ण कारण हो, सन् १९५७ मा बेनले बेलायतकी तत्कालीन महारानी एलिजाबेथ द्वितीयको मूर्ति बनाउने अवसर पाउनु। त्यसले उनलाई कलात्मक पहिचान दिनुका साथै प्रतिष्ठा बढायो।

त्यति हुँदाहुँदै पनि उनले आफ्नो इग्बो जातीय पहिचान र विरासतलाई कलामा प्रयोग गरिरहे। जुन उनले आफ्नो बुबाबाट सिकेका थिए।

***************

त्यस्तै नाइजेरियाली मोडर्निज्म अर्को प्रमुख कलाकार हुन्, लाडी क्वाली (१९२५-१९८४)। उनले बनाएको चित्रलाई नाइजेरियाली २० नायरा (२० रुपैयाँ भने जस्तै नोट) मा समेत राखिएको छ।

उनी भने उत्तरी नाइजेरियाको ग्वारी क्षेत्रमा जन्मेकी हुन्। उनले सानैमा माटाका भाँडा बनाउने तालिम लिन सकिन्। र, कालान्तरमा उनी आफ्नो आधुनिक सिरेमिक कलामा परम्परागत शैलीहरू मिसाएर प्रख्यात पनि भइन्।

लण्डनको निजी लिलामी घर बोन्हम्सका आधुनिक तथा समकालीन अफ्रिकी कलाका विभाग प्रमुख हेलेन लभ अलोटेका अनुसार लाडी क्वालीले सधैं आफ्नो पहिचानमा अडिग भइन्। र काममा त्यी अनुशासन कामय गरिरहिन्। त्यसले उनको कलामा नयाँपन थपेको हो।

***************

त्यस्ता संस्थागत प्रयासबाहेक पनि अफ्रिकी आधुनिक तथा समकालीन कलाकारहरूले हालैका वर्षहरूमा कला बजारमा राम्रो गर्न लागेका छन्। निजी संकलक र सार्वजनिक दर्शकहरू दुवै बढ्दो छ।

जस्तो: क्वाली र बेन दुवै कला कीर्तिमानी मूल्यमा विक्री भएका छन्। बेनको 'टुटु' नामक चित्रकला सन् २०१८ मा १० लाख ६७ हजार डलरमा विक्री भएको थियो।

यसले पश्चिम अफ्रिकामा अवस्थित कुनै समय बेलायती उपनिवेशमा परेको नाइजेरियाको कला क्षमतालाई पनि देखाउँछ। विज्ञहरूले भन्छन्- यी कलाकारहरूलाई पहिले पश्चिमी कलाकारहरूजस्तो सम्मान दिइएको थिएन।

तर, अहिले भने यी यस्ता प्रदर्शनीहरूमार्फत मान्छेहरूले विश्व कलामा अफ्रिकी कलाकारहरूको योगदान बुझिरहेका छन्।

# दानवीर परिवारकी रामरती देवी सुडीको सयवर्षको उमेरमा हनुमान अराधना

दैनिक समाचारदाता

जनकपुरधाम २९ असोज । दानवीर परिवारकी रामरती देवी सुडीको सयवर्षको उमेरमा हनुमान अराधना

जनकपुरधाम २९ असोज । जनकपुरधामको सामाजिक, धार्मिक र परोपकारी इतिहाससँग गहिरो सम्बन्ध राख्ने दानवीर रामस्वरुप रामसागरको परिवारमा मंगलवार विशेष धार्मिक कार्यक्रम सम्पन्न गरिएको छ । परिवारका सदस्यहरूले शतायु पार गर्न लागेकी रामरती देवी सुडीको दीर्घायु तथा सुस्वास्थ्यको कामनामा हनुमान आराधना गरी पूजापाठ गरेका छन् ।

विगत एक शताब्दीको जीवनयात्रा पूरा गर्दै गर्न लागेकी रामरती देवीको सम्मानमा आयोजित उक्त धार्मिक कार्यक्रममा छोरा प्रभाकर, दिवाकर र विद्याकर साहसहित परिवारका सदस्य तथा नातेदारहरूको उपस्थिति थियो । हनुमान आराधनासँगै परिवारजनले उहाँको योगदान र साधनायात्रालाई उदाहरणीय भन्दै शुभकामना व्यक्त गरेका थिए ।



वि.सं.१९८२ सालमा धनुषा जिल्लाको मिथिलेश्वर मौवाही गाउँपालिका(८ मा जन्म भएकी रामरती देवी सुडी जनकपुरधाममा विगत धेरै दशकदेखि समाजसेवा, गृहस्थ जीवन र धार्मिक अभ्यासमा सक्रिय रहिएकी छिन् । उहाँका पिता स्व. देव नारायण साह र माता लक्ष्मीनिया देवी थिए भने बाजेको नाम स्व. हरिचन साह थियो ।

रामरती देवीको वैवाहिक जीवन साविक धनुषा सोहनी मुजेलिया(३ (हाल जनकपुरधाम उपमहानगरपालिका(१४) मा बस्ने स्व. राम सागर साहका छोरा स्व. फुलगेन साहसँग सामाजिक परम्परा अनुसार सम्पन्न भएको थियो । वैवाहिक जीवनबाट उहाँलाई तीन छोरा र दुई छोरीसहित ठूलो परिवार प्राप्त भएको छ ।

छोराहरूमा जेठा प्रभाकर प्रसाद साह व्याहुत सुडी, माईला दिवाकर प्रसाद साह र कान्छा विद्याकर प्रसाद साह व्याहुत सुडी रहेका छन् । छोरीहरूमा स्व. विणा देवी (पति(स्व. भोला प्रसाद साह) र मिना कुमारी साह (पति(ई. यमुना प्रसाद साह) रहेका छन् । बुहारीहरूमा जेठी गायत्री प्रसाद साह, माईली रेणु प्रसाद साह र कान्छी आशा कुमारी साह रहेका छन् ।

साधारण लेखपढ गर्नुभएकी रामरती देवी मातृभाषा मैथिली र मगही धाराप्रवाह बोल्नुहुन्छ । कृषि तथा सानो व्यवसायलाई मुख्य पेशा बनाउँदै उहाँले गृहिणीको जिम्मेवारी निर्वाह गर्नुका साथै समाजसेवामा सक्रिय भूमिका निर्वाह गर्नुभएको छ । विशेषगरी ग्राम सेवक कार्यक्रमअन्तर्गत चर्खाद्वारा धागो कात्ने सीप सिक्ने र अन्यलाई सिकाउने कार्यमा उहाँको योगदान उल्लेखनीय रह्यो ।

हाल शारीरिक अशक्तताका कारण उहाँ धार्मिक कार्य तथा पूजापाठमा समय व्यतित गर्दै घरमै बसोबास गर्नुहुन्छ । सक्रिय समाजसेवी जीवन बिताएकी उहाँ श्री धर्म संस्था (राम स्वरुप साह, राम सागर साह) की गुठियार सदस्य तथा श्री नेपाल रेडक्रसकी सदस्य समेत रहनु भएको छ ।

जनकपुरधामको सामाजिक इतिहासमा दानवीर रामस्वरुप रामसागर परिवारको योगदान उल्लेखनीय मानिन्छ । शिक्षा, स्वास्थ्य र रोजगारीको क्षेत्रमा रामस्वरुप रामसागरले पुऱ्याएको योगदानको निरन्तरतामा रामरती देवी सुडीको परोपकारी भावनाले परिवारको सामाजिक पहिचान अझ सबल बनाएको स्थानीयहरू बताउँछन् । कृषिप्रधान जीवनशैली, श्रम, सेवा र धार्मिक विश्वासलाई आत्मसात् गर्दै शतायु जीवनको यात्रा तय गर्दै आउनुभएकी रामरती देवी सुडी आजको पुस्ताका लागि प्रेरणादायी व्यक्तित्वका रूपमा उदाएकी छिन् ।

## एमालेसँग एकता हुनसक्छ : प्रचण्ड



दैनिक समाचारदाता

धादिङ २९ असोज । नेकपा माओवादी केन्द्रका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले एमालेसँगको सम्भावित एकता सम्बन्धमा स्पष्ट संकेत दिएका छन् । धादिङको बेनिघाट रोराङमा आयोजित भेटघाट कार्यक्रममा संयोजक प्रचण्डले युवा तथा पार्टी नेताकार्यकर्तासँग कुराकानी गर्दै आगामी चुनावलाई पार्टीको प्रमुख एजेन्डा बनाउँदै अघि बढ्ने बताए ।

'अबको माओवादीको लाइन भनेको चुनाव हो,' उनले भने । साथै, तिहारलगत्तै समाजवादी मोर्चाभित्र रहेका दलहरूसँग एकता प्रक्रिया अघि बढ्ने जानकारी प्रचण्डले दिए । एमालेसँग एकताको सम्भावनाबारे बोल्दै उनले भने, 'केपी ओली नेतृत्वमा रहेसम्म एमालेसँग एकता हुँदैन। तर ओलीको नेतृत्व नरहेमा एकताको ढोका खुल्न सक्छ ।'

कार्यक्रममा सहभागी युवा तथा नेता कार्यकताहरूसँगको छलफल गर्दै प्रचण्डले युवा पुस्ताले माओवादीको विचार र मार्गदर्शनलाई सही ठहर गर्न थालेको पनि बताए ।

'अहिले मेरो जेन्जी युवाहरुसँग पनि छलफल भैरहेको छ । युवाहरुले माओवादी सहि रहेछ भन्ने बुझ्नु भएको छ,' उनले भने ।

## जनस्वराज पार्टी दर्ता

दैनिक समाचारदाता

काठमाडौं, २९ असोज । जनमत पार्टीबाट विभाजित भई गठित जनस्वराज पार्टी निर्वाचन आयोगमा दर्ता भएको छ ।

आयोगले यही असोज २८ गते सो पार्टीको दल दर्ताको निवेदन, विधान, झण्डा, निर्वाचन चिन्हसहितका विवरणलाई आफ्नो अभिलेखमा समावेश गर्ने निर्णय गरेको जनाएको हो । सो पार्टीको अध्यक्षमा दीपककुमार साह रहनुभएको छ । उक्त पार्टीले 'समृद्धि, सामाजिक न्याय र जनताको पूर्ण स्वशासन (स्वराज)' लाई आफ्नो वैचारिक नीति मान्दै नयाँ पुस्ताको व्यवहारिक समाधान र सहभागीमूलक राजनीतिक संस्कृति निर्माण गर्न कटिबद्ध रहेको जनाएको छ ।

## ५३ हजार अंगिकृत नागरिकताको अभिलेख नष्ट

दैनिक समाचारदाता

काठमाडौं, २९ असोज । भदौ २४ जेनजी प्रदर्शनका क्रममा आगजनीबाट गृह मन्त्रालयमा रहेको करिब ५३ हजार अंगिकृत नागरिकताको अभिलेख जलेर नष्ट भएको खुलेको छ ।

मन्त्रालयको अभिलेखमा रहेको र डिजिटाइजेसन गर्ने क्रममा इन्ट्री भएका सबै विवरणहरू समेत नष्ट भएको गृह मन्त्रालयले जनाएको छ ।

गृह मन्त्रालयका सहायक प्रवक्ता एवं उपसचिव रविन्द्र आचार्यले गृह मन्त्रालयको अभिलेखमा रहेको अंगिकृत नागरिकताको सबै विवरण जलेर नष्ट भएको बताए ।

उनका अनुसार, कतिपय अभिलेखहरू 'डिजिटाइज्ड' गर्ने क्रममा कागजातहरू स्क्यान



भइरहेको थियो । स्क्यान गरेको डकुमेन्ट राखिएका कम्प्युटर र ल्यापटप पनि जलेको उनले बताए ।

गतवर्ष सरकारले अंगिकृत नागरिकताको विवरण र अभिलेख डिजिटाइज्ड गर्ने योजना बनाएको थियो, त्यसक्रममा करिब १७ हजार विवरण इन्ट्री भइसकेको थियो ।

नेपाली महिलाले विवाह गरेका विदेशी पुरुष र नेपाली पुरुषले विवाह गरेकी विदेशी महिलाले अंगिकृत नागरिकता पाउछन् ।

वैवाहिक नागरिकताको अभिलेख जिल्ला प्रशासन कार्यालयहरूमा रहन्छ । नेपाली महिला र विदेशी पुरुषबाट जन्मेका र नेपालमै रहेका सन्तानले पनि अंगिकृत नागरिकता पाउँछन् ।

अर्कोतर्फ, १५ वर्ष नेपालमा स्थायी रूपमा बसोबास गरेको व्यक्तिले पनि अंगिकृत नागरिकता पाउँछन् । त्यस्तो नागरिकता जिल्लाले नभई गृह मन्त्रालयकै निर्णयबाट जारी हुन्थ्यो, त्यस्ता सबै अभिलेखहरू गृह मन्त्रालयमा थिए ।

## सिंहदरबार......

अग्रमोर्चामा रहेको शंका प्रहरीले गरेको छ । उनले सर्वोच्च अदालत परिसरबाट हतियार लुटेको दाबी गरेका छन् । पक्राउका क्रममा उनले सुरक्षाकर्मीमाथि प्रतिरोधसमेत गरेका थिए । तर, उनले पछि उक्त हतियार नेपाली सेनालाई बुझाएको बताएका छन् । प्रहरीले भने यस सम्बन्धमा कुनै प्रमाण फेला पारेको छैन ।

परियारमाथि पहिले नै ज्यान मार्ने उद्योगदेखि ठगी र बैंकिङ कसुरसम्मका ८ मुद्दा दर्ता भएका खुलेको प्रहरीले जनाएको छ । ललितपुर र काठमाडौंका विभिन्न प्रहरी इकाइमा अभद्र व्यवहार, ठगी र ज्यान मार्ने उद्योगसम्बन्धी जाहेरी दर्ता भएका थिए ।

उनी लाइसेन्सको बिचौलियाको काम गरी रकम ठगी गरेको आरोपमा समेत प्रहरी फाइलमा छन् । जेनजी आन्दोलनमा उच्छृंखल गतिविधिमा संलग्न देखिएका परियारलाई काठमाडौं जिल्ला प्रहरी परिसरमा बुझाइएको छ । उनलाई आपराधिक उपद्रवसम्बन्धी मुद्दामा अनुसन्धान अघि बढाइएको अपराध अनुसन्धान कार्यालयका एसएसपी रमेश बस्नेतले जानकारी दिए ।

## संसद् विघटनविरुद्ध.....

जनाएको बताए। उनले सरकारका मन्त्री निर्वाचन गर्ने वातावरणभन्दा भड्काउनतर्फ केन्द्रित रहेको बताए। उनले वर्तमान सरकारले निर्वाचनका लागि कुनै तयारी नै नगरेकाले संसद् पुनर्स्थापना हुनुपर्ने एमालेको स्पष्ट धारणा रहेको बताए ।

यसैगरी एकीकृत समाजवादीको वरिष्ठ उपाध्यक्षमा राजेन्द्र पाण्डेले राष्ट्रपति कार्यालयबाट संसद विघटनको विज्ञप्ति जारी गर्ने बित्तिकै ८ वटा दलका २२९ जना सांसदले असंवैधानिक भनेर वक्तव्य जारी गरेको उल्लेख गरे। उनले अदालतले सरकार बनेकोदेखि लिएर विघटन असंवैधानिक ठहर गऱ्यो भने नयाँ कोर्सबाट अगाडि बढ्ने बताए। उनले सर्वोच्चमा हिजो १० वटा रिट परेकाले न्यायिक परीक्षण हुने बताए। उनले सभामुख संसद विघटनको मुद्दा लिएर नजाने बताए।

यसैगरी राप्रपाका प्रवक्ता ज्ञानेन्द्र शाहीले जेनजीका माग सम्बोधन नगरी संसद पुनर्स्थापना गर्न नहुने सभामुखलाई सुझाव दिएको बताए। उनले प्रत्यक्ष कार्यकारी, प्रदेश खारेज लगायतका माग संसद पुनर्स्थापना गरेर पारित गर्ने प्रतिबद्धता जनाएपछि मात्र पुनर्स्थापना हुनुपर्ने बताए।




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४